# गङ्गाजमुना राजपत्र

गङ्गाजमुना गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ९) धादिङ, श्रावण १ गते, २०८२ साल (संख्याः १**


## भाग-१

फुलखर्क, धादिङ, बागमती प्रदेश, नेपाल

**गङ्गाजमुना गाउँपालिकाको**

**<u>सूचना</u>**

गङ्गाजमुना गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८२ सालको ऐन नं. १

# गङ्गाजमुना गाउँपालिकाको आर्थिक ऐन २०८२

## प्रस्तावना

नेपालको संविधानको धारा २२८ को उपाधारा (२) मा भएको व्यवस्था र गङ्गाजमुना गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थसम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्न स्थानिय कर, दस्तुर गैरकर,तथा शुल्क संकलन गर्न छुट दिने एंव राजश्व संकलन को प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गाउँसभाले यो विधियेक तर्जुमा गरी स्वीकृत गरेकोछ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम गङ्गाजमुना गाउँपालिकाको आर्थिक ऐन २०८२ रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि गङ्गाजमुना गाउँपालिकाको क्षेत्रभित्र लागु हुनेछ।

## २. परिभाषा र व्याख्या विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(१) "सम्पतिकर" भन्नाले कुनै व्याक्ति वा संस्थाको स्वमित्वमा गाउँपालिका क्षेत्रभित्र रहेको जग्गा र सो जग्गामा बनेको स्थायी संरचना (घर,गोठ,टहरा,गोदाम आदि समेतमा) गाउँपालिकाले लगाउने कर भन्ने वुझिन्छ।

(२) "घरजग्गा कर" भन्नाले सम्पति कर नलागाएको जग्गामा बनेको घर र सोही जग्गामा लगाईने कर भन्ने बुझिन्छ। "मालपोत" भन्नाले सम्पति कर

नलगाईएको जग्गामा लगाईने मालपोत वा भुमिकर भन्ने बुझिन्छ।

(३) "घर वहाल कर" भन्नाले गाउँपालिकाको क्षेत्रभित्र व्याक्ति वा संस्थाले व्यापारिक भवन, घर, पसल, ग्यारेज, गोदाम टहरा, जग्गा आदि पूरै वा आशिक तबरले बहालमा लिए दिए वापत गाउँपालिकाले लगाउने कर भन्ने बुझिन्छ।

(४) "व्यवसायकर" भन्नाले गाउँपालिका क्षेत्रभित्र व्यापार व्यबसाय सेवामा पूजीगत लगानि र आर्थिक कारोबार समेतको आधारमा गाउँपालिकाले लगाउने कर भन्ने बुझिन्छ।

(५) "कवाडीकर" भन्नाले गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भइ बिक्रि हुने कवाडी बस्तुहरुमा गाउँपलिकाले लगाउने कर भन्ने बुझिन्छ।

(६) "पशु हाट सेवा शुल्क" भन्नाले गाउँपालिकाले आफै निर्माण गरेको वा कुनै निकायबाट गाउँपालिकालाई हस्तानान्तरण भई आएको पशु हाटबजारमा सो सम्वन्धि सेवा प्रवाह गरे वापत गाउँपालिकाले लगाउने शुल्क भन्ने बुझिन्छ।

(७) "सेवा शुल्क तथा दस्तुर" भन्नाले गाउँपालिका आफैले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका स्थानिय पूर्वधार र उपलव्ध गराएको सेवामा गाउँपालिकाले लगाउने शुल्क दस्तुर भन्ने बुझिन्छ।

(८) "घर नक्सा पास दस्तुर" भन्नाले गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बनेका भौतिक संरचनाहरूको नक्सापास वापत गाउँपालिकाले लगाउने दस्तुर भन्ने बुझिन्छ।

(९) "बहाल बिटौरी शुल्क" भन्नाले गाउँपालिका क्षेत्रभित्र गाउँपालिका आफैले निर्माण गरेका वा रेखदेख वा

सञ्चालन गरेका पसल कवल/स्टल वा हाटबजार मा गाउँपालिकाले लगाउने शुल्क भन्ने बुझिन्छ।

(१०) "विज्ञापनकर" भन्नाले गाउँपालिका क्षेत्रभित्र हुने विभिन्न प्रकारका व्यवसायिक प्रचार प्रसार सामाग्री वा विज्ञापनमा प्रदेश कानून वमोजिम गाउँपालिकाले लगाउने कर भन्ने बुझिन्छ।

(११) "मनोरञ्जनकर" भन्नाले गाउँपालिका क्षेत्रभित्र हुने विभिन्न प्रकारका मनोरञ्जन व्यवसायमा प्रदेश कानून बमोजिम तोकिएको दररेट बमोजिम गाउँपालिकाले लगाउने कर भन्ने बुझिन्छ।

(१२) "पर्यटनशुल्क" भन्नाले गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूवाट प्रदेश कानूनअनुसार तोकिएको दररेट बमोजिम गाउँपालिकाले उठाउने कर भन्ने बुझिन्छ।

(१३) "प्राकृतिक स्रोतको उत्खनन्, उपयोग, बिक्रि, बितरण, निकासि, शुल्क" भन्नाले गाउँपालिकाले चर्चेको क्षेत्रभित्र IEEREIA गरेको स्थानबाट प्राकृतिक स्रोत (ढुङ्गा गिटि बालुवा माटो काठ दाउरा जराजुरी स्लेट लगाएतको उत्खनन् उपयोग बिक्रि वितरण निकासि गरेबापत प्रदेश कानूनले तोकेबमोजिम गाउँपालिकाले बुझाउने शुल्क भन्ने बुझिन्छ।

३. **सम्पति करः** (१) गाउँ पालिका क्षेत्रभित्र कुनै व्याक्ति वा संस्थाको स्वमित्वमा रहेको घर वा सो घरले चर्चेको जग्गा मा सम्पतिकर लगाउने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम लगाईने करको दर अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम सम्पतिकर प्रयोजनका लागि घरको र जग्गाको मूल्याङ्कन दर अनुसूची-२ तथा घरको ह्रासकट्टि दर अनुसूची-३ मा उल्लेख भए बमोजिमा हुनेछ।

४. **<u>मालपोतः</u>** (१) गाउँपालिका क्षेत्रभित्र दफा २ बमोजिम सम्पतिकर लाग्ने बाहेकका अन्य जग्गामा क्षेत्रफलको आधारमा मालपोत (भूमिकर) लगाउने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम लगाईने मालपोतको दर अनुसूची-४ मा उल्लेख भएबमोजिम हुनेछ।

५. **<u>घरजग्गा बहाल करः</u>** गाउँपालिका क्षेत्रभित्र कुनै व्याक्तिले घर घरकोछ्त, पसल, ग्यारेज, गोदाम टहरा, सेड, कारखाना वा जग्गा पूरै वा आंशिक तबरले बहालमा बहाल कर लगाई असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा बहाल करको दर अनुसूची-५ मा तोकिए बमोजिम हुनेछ।

६. **<u>व्यवसाय करः</u>** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालित उद्योग, व्यापार वा व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूजी लगानी र आर्थिक कारोवारका आधारमा वर्गिकरण गरि व्यवसाय कर लगाईने वा असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम व्यवसाय कर असुलि गर्दा बैंक तथा वित्तिय संस्था र प्रत्येक कारोबार स्थल अलग अलग इकाई मानी कर असुल गरिनेछ।

(३) उपदफा (१) (२) बमोजिम लगाईने व्यवसाय कर को दर अनुसूची-६ मा तोकिएबमोजिम हुनेछ।

७. **<u>जडिबुटी, कबाडी र जीवजन्तु करः</u>** गाउँपालिका क्षेत्रभित्र कुनै व्याक्ति वा संस्थाले खोटो, कबाडी माल र प्रचलित कानूनले निषेध गरिएका जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे बापत अनुसूची-७ बमोजिम जडीबुटि, कबाडी तथा

जीवजन्तु कर लगाईने र असुल उपर गरिनेछ। तर त्यस्ता वस्तुको व्यवसाय गर्ने व्याक्ति वा कम्पनिलाई दफा ५ बमोजिम व्यवसाय कर लगाईएको अवस्थामा यस दफा बमोजिमको कर लगाईने छैन।

८. **सवारि साधन कर**: (१) गाउँपालिका क्षेत्रभित्र रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सा जस्ता सवारि साधनको दर्ता र वार्षिक नवीकरणमा गाउँपालिकाले सवारि साधन कर लगाउने र उठाउनेछ।

(२) उपदफा (१) बमोजिम लगाईने सवारि साधन कर को दर अनुसूची- ८ मा तोकिए बमोजिम हुनेछ।

९. **विज्ञापन करः** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन,प्रचार प्रसार आदिका लागी राखिदिने साईनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम लगाईने विज्ञापन करको दर अनुसूची -९ मा तोकिए बमोजिम हुनेछ।

१०. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने विभिन्न प्रकारका मनोरञ्जन व्यवसायमा अनुसूची -१० बमोजिम मनोरञ्जन कर लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानूनले तोके बमोजिमका सेवार क्षेत्रमा सोही कानूनमा तोकिए बमोजिम गरिनेछ।

११. **बहाल बिटौरि शुल्कः** (१) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन भएका पसलमा बहाल विटौरि शुल्क लगाई असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम लगाईने बहाल विटौरी करको दर अनुसूची -११ मा तोकिए बमोजिम हुनेछ।

तर शुल्क तिरेको आधारमा सम्वन्धित व्यक्तिको नाममा त्यस्ता जग्गाको स्वमित्व कायम वा हस्तानान्तरण भएको मानिने छैन।

१२. **सेवा शुल्क दस्तुरः** गाउँपालिकाले कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय मार्फत उपलब्ध गराउने सिफारिस, प्रमाणित, नक्सा पास इजाजत जस्ता प्रशासनिक सेवामा अनुसूची -१२ मा उल्लेखित दरमा सेवा शुल्क तथा दस्तुर लगाई असुल उपर गरिनेछ।

१३. **प्राकृतिक स्रोतको उत्खनन् उपयोग तथा बिक्री शुल्कः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वातावरणीय प्रभाव मूल्याङकन वा प्रारम्भिक वातावरणीय परीक्षणगरी त्यसमा तोकीएको परिमाणमा स्लेट, ढुङ्गा, बालुवा, एवम् माटोजन्य बस्तुहरुको उत्खनन् तथा आफ्नो क्षेत्रभित्रको सार्वजनिक एवं ऐलानी जग्गामा रहेको काठ, दाउरा, जराजुरी आदिको उपयोग र बिक्री गरेवापत अनुसूचि-१३ माउल्लेख भएबजिमको कर लगाईने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्लेट, ढुङ्गागिट्टी, बालुवा एवं माटोजन्य वस्तुहरु आदि बिक्री गर्दा बिक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम बिक्री मूल्यमा ठेक्का बढाबढ गरी गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम ठेक्का निर्धारण नभएमा कार्यपालिकाले निर्णय गरी गाउँपालिकाले अमानत विधिबाट बिक्री गरी रकम संकलन गर्न सक्नेछ।

१४. **भवन भाडामा लगाउन सक्नेः** गाउँपालिकाले आफ्नो स्वमित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पतिमा अनुसूची -१४ मा उल्लेखित दरमा भाडामा लगाउन सक्नेछ।

**१५. <u>सामुदायिक बनबाट आय प्राप्त गर्नेः</u>** (१) सामुदयिक वन उपभोक्ता समितिले वन पैदवार बिक्री तथा उपयोग सम्वन्धी आफ्नो बार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वार्षिक कार्ययोजना स्वीकृत शुल्क र वनपैदवार बिक्री वापत प्राप्त हुने रकमको अनुसूची -१५ मा उल्लेखित भएबमोजिम गाउँपालिकामा वा संचितकोषमा जम्मा गर्नुपर्नेछ।

**१६. जरिवाना, ब्याज, हर्जना दण्डः**(१) गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महशुल चालु आ.व को पौष मसान्तसम्म नियमअनुसार हुने र पौष मसान्तपछी थप २५ प्रतिशत जरिवाना लाग्नेछ ।साथै प्रचलित कानून पालना नगरेको कसूरमा अनुसूची -१६ मा उल्लेख गरिएको व्यवस्था तथा दरमा र सो दर नतोकिएकोमा कार्यपालिकाबाट तोकिएको दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ।

**१७. <u>कर छुटः</u>** (१) गाउँपालिकालाई वार्षिक रुपमा तिर्नुपर्ने कर सोही आर्थिक वर्षको असोज मसान्तभित्र र मासिक रुपमा बुझाउनु पर्ने कर महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमअनुसार लाग्ने करको क्रमशःपाँच प्रतिशत छुट दिईनेछ।

(२) महिला, बालबालिका, दलित तथा अपाङ्गता भएका व्याक्तिको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा २५ प्रतिशत छुट दिइनेछ।

(३) गाउँपालिका क्षेत्रभित्र दर्ता गरी सञ्चालन गर्ने कृषि समुहलाई निःशुल्क दर्ता गरिनेछ।

(४) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनितिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघ

संस्थाको सम्पति, बस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिइनेछ।

(५) यस गाउँपालिकामा गत आर्थिक वर्षमा दर्ता भई नविकरण हुन बाँकी सम्पूर्ण व्यवसाय फर्म वा संघ संस्थाहरुलाई एकपटकको लागी मिति २०८२ साल असोज मसान्त सम्म नवीकरण गर्दा जरीवाना शुल्क छुट गरिनेछ।

स्पष्टिकरणः लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्यकेन्द्र, विश्वविद्यालय र सोको आंगिक कलेजहरु, सरकारी वा सामुदायीक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचानालय, बालगृह, अनाथालय बृद्धाआश्रम, मठमन्दिर जस्ता सामाजिक संघसंस्था सम्झनुपर्छ।

(६) नक्शापासका लागि घर तथा संरचनाहरुको अभिलेखिकरण दस्तुरको हकमा गाउँपालिकाले प्रथमपटक अभिलेख गर्नेभनी ३५ दिनको अवधी तोकी सूचना प्रकाशन गरी तोकिएको म्यादभित्र घरको अभिलेखिकरण गरेमा जम्मा तिर्नुपर्ने दस्तुरमा २५ प्रतिशत छुट दिईनेछ तर तोकिएको म्याद गुजारी अभिलेखिकरण गरेमा २५ प्रतिशत थप जरीवाना वापत अशुल उपर गरिनेछ।

(७) गाउँपालिकाले आन्तरिक आय तर्फको राजश्व संकलनको लागि नदीजन्य पदार्थ वा अन्य कुनै प्राकृतिक श्रोतको ठेक्का लगाई कार्य गर्दा कुनै पनि विपद वा प्रकोपको कारण त्यस्ता फर्म वा कम्पनिलाई काम गर्न प्रतिकुल अवस्था पैदाभएको खण्डमा गाउँसभाले निर्णय गरी गाउँपालिकालाई तिर्नु वा बुझाउनु पर्ने राजश्वमा केही रकम छुट वा मिनाह गर्न सक्नेछ।

१७. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस ऐनमा उल्लेख गरिएको विषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएको विषयमा प्रचलित कानून मा व्यवस्था भएबमोजिम हुनेछ।

१८. **ब्याज हर्जना लाग्नेः** कुनै करदाताले यस ऐन बमोजिम लाग्नेकर, दस्तुर, सेवाशुल्क समयमा दाखिला नगरेमा अन्यत्र व्याज तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा तिर्नु बुझाउनुपर्ने रकमको वार्षिक पन्ध्र प्रतिशतका दरले व्याज हर्जना लाग्नेछ।

१९. **समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्नेः** यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएको करदाताले समयमा विवरण दाखिला नगरेमा यस विधियेक बमोजिम तिर्नुपर्ने करको दोब्बर विलम्व शुल्क सहित लाग्ने कर निजबाट असुल उपर गरिनेछ।

२०. **झुट्टा विवरण दिएमा जरिवाना लाग्नेः** यस ऐन तथा प्रचलित कानून बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले कर छल्ने नियत लिई झुट्टा वा अधुरो विवरण दाखिला गरेमा नियमानुसार लाग्ने करको दोब्वर रकम जरिवाना सहित लाग्ने कर निजबाट असुल गरिनेछ।

२१. **व्याज हर्जना नलाग्नेः** यस ऐन बमोजिम लाग्ने शुल्क, ब्याज र जरिवानामा पुनःब्याज लाग्ने छैन।

२२. **संक्रमणकालिन व्यवस्थाः** यस आर्थिक ऐन, २०८२ मा भएको करका दरहरुमा थपघट गर्नुपर्ने अवस्था आएमा गाउँकार्यपालिकालाई अधिकार प्रत्यायोजन गरिएको छ।

# अनुसूची-१

## (ऐनको दफा ३ को उपदफा (३) संग सम्वन्धित)

## घरको तथा जग्गाको मूल्याङकन दर

### (क) घरको मूल्याङ्कन दर

| सि.न. | घरको प्रकार | घरको मूल्याङ्कन रकम रु.प्रति वर्गफिट |
|---|---|---|
| १ | आर.सि.सी फ्रेम स्टक्चर | २००० |
| २ | सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको भई आर.सि.सि छाना | १२०० |
| ३ | सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा माटोको गारो जस्ता टायल ढुङ्गाको छानो | ८०० |
| ४ | प्रिफ्याव तथा जस्ताले बनेको भित्ता र टिनको छाना | ७०० |
| ५ | जस्ता वा टिनको छाना भएको टहरा वा सेड | ५०० |
| ६ | कच्चीघर (एकमुष्ट) | २०० |

| सि.न | सम्पत्तिको मूल्य | वार्षिक दर |
|---|---|---|
| १ | पाँच लाख रुपैयाँ सम्मको मूल्याङ्कनमा | एकमुष्ठ रू.२०० |
| २ | पाँच लाख देखि दश लाख रुपैयाँसम्म | एकमुष्ठ रु.३०० |

| | | |
|---|---|---|
| ३ | दश लाख देखि बिस लाख रुपैयाँसम्म | एकमुष्ठ रु.८०० |
| ४ | बिस लाख देखि चालिस लाख रुपैयाँसम्म | एकमुष्ठ रु.१६०० |
| ५ | चालिस लाख देखि असि लाख रुपैयाँसम्म | एकमुष्ठ रु.३२०० |
| ६ | असि लाख रुपैयाँभन्दा माथि | एकमुष्ठ रु.५००० |

## अनुसूची-२
## (ऐन को दफा ३ को उपदफा (२) संग सम्वन्धित)
## सम्पति करको दर
## (ख) जग्गाको मूल्याङकन दर

गाउँपालिका क्षेत्रभित्र घरले चर्चेको जग्गाको मूल्याङकनका लागि जग्गाको हालको मालपोत रजिष्ट्रेशनको दरलाई आधार मानिनेछ।

## अनुसूची-३
## (ऐनको दफा ३ को उपदफा (३) संग सम्वन्धित)
## घरको ह्रासकट्टि दर

| सि.नं. | बनोटको किसिम | ह्रासकट्टि दर |
|---|---|---|
| १ | आर.सि.सि फ्रेमस्टक्चर भएको भवन वा गोदाम | वार्षिक १.५ प्रतिशतका दरले ५०वर्षसम्म |
| २ | सिमेन्ट वा माटोको जोडाइमा इँट्टा वा ढुङ्गाको गारोभई आर.सि.सि छाना भएको भवन वा गोदाम | वार्षिक प्रतिशतका दरले ४५ वर्षसम्म |
| ३ | सिमेन्ट वा माटोको जोडाइमा इँट्टा वा ढुङ्गाको गारोजस्ता/टायलको छाना | वार्षिक ३ प्रतिशतका दरले |

| सि.नं. | बनोटको किसिम | ह्रासकट्टि दर |
|---|---|---|
| | भवन वा गोदाम | ३० वर्षसम्म |
| ४ | जस्ता वा टायलको छाना भएको सेड | वार्षिक ५ प्रतिशतका दरले १८ वर्षसम्म |
| ५ | कच्चीघर | वार्षिक १० प्रतिशतका दरले ९ वर्षसम्म |

**अनुसूची-४**

**(ऐनको दफा ४ को उपदफा (२) संग सम्वन्धित)**

**मालपोतको दर**

| क्र.सं. | भूमिको किसिम | प्रति रोपनी |
|---|---|---|
| १ | कृषिक्षेत्र | रु १० |
| २ | आवासीय क्षेत्र | रु १५ |
| ३ | औद्योगिक क्षेत्र | रु २० |
| ४ | व्यवसायिक क्षेत्र | रु ५० |
| ५ | खानी तथा खनिज क्षेत्र | रु १० |
| ६ | वनक्षेत्र | रु १० |
| ७ | नदी खोला ताल सिमसार क्षेत्र | रु १० |
| ८ | सार्वजनिक उपयोग क्षेत्र | रु १० |
| ९ | सास्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | रु १० |
| १० | अन्यक्षेत्र | रु १० |

**नोटः** भूउपयोग नियमावली, २०७९ बमोजिम गाउँपलिका भित्रका जग्गा वर्गीकरण गरी लागु गरिनेछ। माथीका मालपोत दर जस्तो लेखियता पनि प्रत्येक करदातालाई न्यूनतम रू ५० मालपोत कर लाग्नेछ।

## अनुसूची-५

## (ऐनको दफा ५ को उपदफा (२) संग सम्वन्धित)

## घरजग्गा वहाल करको दर

| सि.नं. | जग्गा तथा घरभाडामा लिने | करको दर |
|---|---|---|
| १ | लेखापरिक्षण गराउने दायित्व भएका संस्थाहरुले वहालमा लिएको घरजग्गा अन्य (व्यापार,व्यवसायिक,घरयासी वा कृषि) प्रयोजनका लागि लिएको घरजग्गा | वहाल रकमको १० प्रतिशत |

## अनुसूची-६

## (ऐन को दफा ६ को उपदफा (३) संग सम्वन्धित)

## उद्योग/व्यवसायको प्रकार,विवरण,करको दर

गाँउपालिका क्षेत्रभित्र कुनैपनि किसिमको व्यापार तथा व्यवसाय गर्नेले गाउँपालिकाबाट व्यवसाय ईजाजतपत्र लिई वार्षिक रुपमा नविकरण गर्नुपर्नेछ। व्यवसाय दर्ता तथा नविकरण गर्दा लाग्ने शुल्क दर देहाय बमोजिम रहेको छ।

| सि.नं. | उद्योग व्यवसायको प्रकृति | पूँजी(५लाखसम्म) | |
|---|---|---|---|
| | | दर्ता | नविकरण |
| १ | डेरी उद्योग | २५०० | १२५० |
| २ | फर्निचर पसल | ४००० | २००० |
| ३ | सुनचाँदी पसल | ५००० | २५०० |
| ४ | क्रसर उद्योग | ५०००० | २५००० |
| ५ | मदिरा सुर्तिजन्य,विक्रेता | २००० | १००० |
| ६ | सेवाप्रदायक (मोवाईल,बिजुली तथा ईलेक्ट्रोनिक्स,सवारी साधन मर्मत/वर्कसप लगाएत का अन्य मर्मत) सेवा | १५०० | ७५० |
| ७ | दैनिक उपभोगका खाद्यपदार्थ (किराना पसल,तरकारि तथा फलफुल पसल) | १००० | ५०० |
| ८ | हार्डवेयर पसल | २००० | १००० |
| ९ | फेन्सी/कपडा पसल | १००० | ५०० |
| १० | निर्माण व्यवसायी "घ"वर्ग | १०००० | ५००० |
| ११ | उर्जामूलक (गोवरग्याँस,सोलार | १००० | ५०० |

| सि.नं. | उद्योग व्यवसायको प्रकृति | पूँजी(५लाखसम्म) | |
|---|---|---|---|
| | | दर्ता | नविकरण |
| | पावर) उद्योग | | |
| १२ | खनिज उत्खनन्,प्रशोधनगर्नेउद्योग | २००० | १००० |
| १३ | ट्रान्सपोर्ट (ढुवानी सेवा) | २००० | १००० |
| १४ | काम्प्यूटर प्रशिक्षण केन्द्र | ५०० | २५० |
| १५ | अन्य सेवा (कस्मेटिक पसल,व्युटिपार्लर,हजाम/सैलुन) | १००० | ५०० |
| १६ | फोटोस्टुडियो/आर्ट व्यवसाय | १००० | ५०० |
| १७ | ईन्टरनेट टावर शुल्क प्रति टावर | वार्षिक २००० | |
| १८ | केवल प्रशारण कम्पनी | वार्षिक २००० | |
| १९ | Ncell/Ntcटावर | वार्षिक १५००० | |
| २० | औषधिपसल/सामान्य/क्लिनिक तथा ल्यावसेवा | ३००० | १५०० |
| २१ | माछा तथा मासु पसल | २००० | १००० |
| धान कुट्ने,गँहुपिस्ने,तोरी पेल्ने मिल | | | |
| १ | ५ देखि २० हर्ष पावरसम्म | ५०० | २५० |
| २ | २० हर्ष भन्दा माथी | १००० | ५०० |

| सि.नं. | उद्योग व्यवसायको प्रकृति | पूँजी(५लाखसम्म) | |
|---|---|---|---|
| | | दर्ता | नविकरण |
| | पर्यटन उद्योग | | |
| १ | ट्रेकिङ,क्यानोइङ,बन्जीजम्प,जिप फ्लायर (जिपलाईन) कायोकिङ | २५०० | १२५० |
| २ | प्रा.लि भएका होटल,रिसोर्ट,गेष्ट हाउस तथा लज,होमस्टे | २००० | १००० |
| ३ | साधारण होटल,चमेनागृह | १००० | ५०० |
| | वित्तिय क्षेत्र | | |
| १ | निजी क्षेत्रको आर्थिक कारोवार गर्ने क वर्गका बैंकका शाखा | | १५००० |
| २ | निजीक्षेत्रको आर्थिक कारोवार गर्ने ख वर्गका बैंकका शाखा | | १२००० |
| ३ | निजीक्षेत्रको आर्थिक कारोवार गर्ने ग वर्गका बैंकका शाखा | | १०००० |
| ४ | निजीक्षेत्रको आर्थिक कारोवार गर्ने घ वर्गका बैंकका शाखा | | ५००० |
| ५ | विमा कम्पनी शाखा | | ७००० |
| | सहकारी संस्था | | |
| १ | १० लाखभन्दा बढि पूँजी | | ५००० |

| सि.नं. | उद्योग व्यवसायको प्रकृति | पूँजी(५लाखसम्म) | |
|---|---|---|---|
| | | दर्ता | नविकरण |
| | भएको बचत तथा ऋण सहकारी | | |
| २ | १० लाखसम्म पूँजी भएको बचत तथा ऋण सहकारी | | ३००० |
| ३ | अन्य सहकारी संस्था | | २५०० |
| शिक्षा सेवा | | | |
| १ | सामुदायिक सिकाइ केन्द्र | १५०० | ७५० |
| २ | करार शिक्षक अभिलेखिकरण | | १००० |
| ३ | शिक्षक सरुवा सहमती | | ५०० |
| ४ | विद्यालयको कक्षा थप अनुमती | | १००० |
| ५ | संस्थागत विद्यालयको नविकरण | | १५०० |
| ६ | IEMIS नभरेको जरिवाना | | २५०० |
| ७ | नयाँ विद्यालय अनुमती | | ५००० |
| ८ | सामुदायिक सिकाई केन्द्र | १५०० | ७५० |
| ९ | निजी विद्यालय अनुमती | ५००० | |

| सि.नं. | उद्योग व्यवसायको प्रकृति | पूँजी(५लाखसम्म) | |
|---|---|---|---|
| | | दर्ता | नविकरण |
| | शुल्क | | |
| १० | निजी विद्यालय कक्षा बृद्धि | २००० | |
| ११ | विद्यालय ठाउँसारी सिफारिस | ५०० | |
| | संघ संस्था | | |
| १ | नाफा मूलक | ३००० | १५०० |
| २ | गैरनाफा मूलक | १५०० | ७५० |
| ३ | गैरसरकारी संस्था | ५००० | २५०० |
| ४ | टोल विकास/सुधार समिति/उपभोक्ता समिति | ५०० | २५० |
| ५ | जलस्रोत मुहान | १५०० | ७५० |
| ६ | परामर्स सेवाशुल्क | ४५०० | २२५० |

| सि.नं. | उद्योग व्यवसाय को प्रकृति | पूँजी(५लाखसम्म) | |
|---|---|---|---|
| कृषि तथा पशुसेवा तर्फ | | दर्ता | नविकरण |
| १ | पोल्ट्रिफर्म | १००० | ५०० |
| २ | कृषि/पशुफर्म | १००० | ५०० |

| | | | |
|---|---|---|---|
| ३ | कृषि सामाग्री बिक्रीकेन्द्र | २००० | १००० |
| ४ | एग्रोभेट | १००० | ५०० |
| ५ | कृषि उपकरण मर्मत तथा बिक्री | १००० | ५०० |
| ६ | कृषि समुह | निःशुल्क | २०० |
| ७ | उत्पादनमा आधारित अनुदान प्रमाणपत्र | ५०० | २५० |

नोटः व्यवसाय रु पाँच लाखदेखि १० लाखसम्ममा त्यस्तो व्यवसायको दर्ता तथा नविकरण दस्तुरमा थप ५०% हुने र १० लाखभन्दा माथि भए दोब्बर दस्तुर वा शत प्रतिशत थप दस्तुर लिईनेछ।व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि दर्ता दस्तुरको रु ५००/-दस्तुर लाग्नेछ।व्यवसाय प्रमाणपत्रमा व्यवसाय वा कारोवार थपमा सुरुको दर्ता दस्तुर बराबरको रकम लिईनेछ।

## अनुसूची-७
## (ऐनको दफा ७ संग सम्वन्धित)
## जडीबुटी,कवाडी तथा जीवजन्तु कर

| सि.नं. | विवरण | ईकाई | करको दर |
|---|---|---|---|
| १ | उन निकासी शुल्क | प्रति के.जी | ६ |
| २ | बज्रजन्ती, काफलको | प्रति के.जी | १० |

| | | | |
|---|---|---|---|
| | बोक्रा,चुत्रोको बोक्रा निकासी शुल्क | | |
| ३ | सतुवा,लप्सी निकासी शुल्क | प्रति के.जी | ५ |
| ४ | खोटो, लोठसल्लाक पात, निकासी शुल्क | प्रति के.जी | ५० |
| ५ | धसिङगरे निकासी शुल्क | प्रति के.जी | ३ |
| ६ | धुपीको काठ निकासी शुल्क | प्रति के.जी | १० |
| ७ | पैयुको बोक्रो, सल्लाको सिङ्टा, एसेलुको डाँठ, तितेपाती, मजिठो, धुपीकोपात, अमला, काउलो, हर्रो, बर्रो निकासी शुल्क | प्रति के.जी | ५ |
| ८ | सल्लो, उत्तिस, चिलाउने, कटुस, मौवा, अस्ना(साज), शिरिस, सिमल, अन्य | प्रति क्युफिट | ५ |
| ९ | दाउरा | प्रति टिप | ५०० |
| १० | काठकटानी,मुछानी र पाइलिङ्ग समुहभन्दा बाहिर बिक्रीगरेमा | प्रति क्यूफिट | १५ |
| ११ | प्रचलित कानूनले निषेध गरेका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका | | ५ |

| | | | |
|---|---|---|---|
| | जीवजन्तुको हाड,सिंङ,प्वाख,छाला आदि निकासी शुल्क | प्रति के.जी. | |
| १२ | खाली सीसी प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चप्पल, ग्यालेन र जर्किन)खाली बोरा,तेलका टिन,धातुका टुक्राहरु,पुःन प्रशोधन (रिसाइक्लिङ) गरी पुनःप्रयोगमा आउन सक्ने सामानहरु साथै बाँस निगालो | प्रति टिप | ठूलो ट्रकको रु ५००,सानोट्रक, टिप्फर रु २५० र टयाक्टर रु २०० |

## अनुसूची-८
## (ऐनको दफा ८ को उपदफा (२) संग सम्वन्धित)
## सवारि साधन कर

| सि.नं. | विवरण | दर्ता तथा इजाजत शुल्क | वार्षिक करको दर |
|---|---|---|---|
| १ | अटोरिक्सा, विद्युतिय रिक्सा,ठेला | २०० | ५०० |

## अनुसूची-९
## (ऐनको दफा ९ को उपदफा (२) संग सम्वन्धित)
## विज्ञापन करको दर

गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा गाउँपालिकाको इजाजत लिई गरिएको विज्ञापन सामाग्रीमा देहायबमोजिम वार्षिक बिज्ञापन कर लगाई असुल उपर गरिनेछ।

| क्र.सं. | बिज्ञापन सामाग्रीको किसिम | वार्षिक विज्ञापन कर |
|---|---|---|
| १ | बिद्युतीय डिजिटल बोर्ड प्रति वर्गफिट | ३० |
| २ | होडिङ्गबोर्ड प्रति वर्गफिट | ४० |
| ३ | व्यानर पोष्टर प्रति वर्गफिट | २० |
| ४ | भित्तेलेखन प्रति वर्गफिट | १० |
| ५ | व्यापार तथा मेला आदिमा इलेक्ट्रोनिक डिस्प्ले (दैनिक) | १५ |

नोटः(१) गाउँपालिका क्षेत्रभित्र निजीसम्पत्तिको उपयोग गरी कसैले विज्ञापन राख्न चाहेमा गाउँपालिकाको इजाजत लिई विज्ञापन सामाग्री राख्न सक्नेछ। यस्तो विज्ञापन राखे वापत गाउँपालिकालाई बुझाउनु पर्ने विज्ञापन करको दर सार्वजनिक स्थलमा राखेको विज्ञापन करको दरको आधा हुनेछ।

(२) गाउँपालिकाको इजाजत नलिई गरिएको विज्ञापन

सामाग्रीहरुलाई गाउँपालिकाले कुनैपनि समयमा अग्रिम सूचनाविना हटाउन सक्नेछ।

(३) पसलहरुमा राखिने परिचयपाटी (व्यवसाय प्रमाणपत्रमा तोकिएको ढाँचा तथा साइजअनुसार) मा विज्ञापन कर लाग्नेछैन। तर परिचयपाटिमा विज्ञापन मूलक सामाग्री प्रचार गरेमा सोको विज्ञापन कर लाग्नेछ।

## अनुसूची-१०
## (ऐनको दफा १० संग सम्बन्धित)
## मनोरञ्जन करको दर

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर(रु) |
|---|---|---|---|
| १ | नेपाल भित्रका पर्यटक (गा.पा बाहेक) | प्रतिव्यक्ति | १० |
| २ | सार्क मूलुकका पर्यटक | प्रतिव्यक्ति | ५० |
| ३ | अन्य मूलकका पर्यटक | प्रतिव्यक्ति | १०० |
| ४ | सर्कस देखाउनेलाई | दैनिक | २५० |
| ५ | कन्सर्ट प्रोग्राम | दैनिक | २५० |
| ६ | व्यापार तथा अन्य मेलाहरुमा राखिने मनोरञ्जनका साधनहरु | दैनिक | २५० |

## अनुसुची-११

## (ऐनको दफा ११ को उपदफा(२)संग सम्बन्धित)

## बहाल बिटौरी शुल्कको दर

### क.ऐलानी,पर्ती तथा सार्वजनिक स्थलको उपयोग

| सि.नं. | स्थान | इकाई | शुल्कको दर |
|---|---|---|---|
| १ | गाउँ क्षेत्रका सडकको दायाँबायाँको जग्गा उपभोग गरेवापत | प्रति रोपनी | बजार क्षेत्रमा न्यूनतम मासिक रु ५०० र अन्य क्षेत्रमा न्यूनतम मासिक रु१५० |
| २ | सार्वजनिक स्थलमा पटके रुपमा उपयोग गरेवापत | प्रति वर्गफिट | दैनिक रु ४० |
| ३ | सडकको दायाँबायाँ बनाइएका संरचना उपयोग गरेबापत | प्रति वर्गफिट | रु १५ |

### ख.घुम्तीपसल,घुम्तीगाडी (पटकेरुपमा)

| क्र.सं. | व्यापार/व्यवसाय/कारोबार | शुल्कको दर(पटकेरुपमा) |
|---|---|---|
| १ | तरकारी तथा फलफूल पसल | ५० |
| २ | बोका,खसी (प्रतिगोटा) | २० |
| ३ | रागा,भैंसी (प्रतिगोटा) | ५०० |

| क्र.सं. | व्यापार/व्यवसाय/कारोबार | शुल्कको दर(पटकेरुपमा) |
|---|---|---|
| ४ | रेस्टुरेन्ट तथा खाजाघर | १००० |
| ५ | साना मनोरञ्जन खेल (प्रति वर्गमिटर) प्रतिदिन | ५०० |
| ६ | ठूला मनोरञ्जन खेल (प्रति वर्गमिटर) प्रतिदिन | १०० |
| ७ | डोका,डाला,नाग्ला,आदि (प्रतिगोटा) | ५ |
| ९ | घुम्ती गाडी (खुद्रारुपमा विक्री वितरण गर्ने) (प्रतिदिन) | २००० |
| १० | घुम्ती पसल (प्रति दिन) | ५०० |

## अनुसूची-१२
## (ऐनको दफा १२ को उपदफा(१) सँग सम्बन्धित)
## प्रति निवेदन रू१० को टिकट अनिवार्य
## सिफारिस दस्तुर

| सि.नं. | विवरण | शुल्क |
|---|---|---|
| १ | अंग्रेजिमा वडाबाट गरिने सबै प्रकारका सिफारिस (नाता प्रमाणित,आम्दानी स्रोत प्रमाणित र सम्पती मूल्याङकन प्रमाणित बाहेक | ५०० |

| सि. नं. | विवरण | शुल्क |
|---|---|---|
| २ | अंग्रेजिमा पालिकाबाट प्रमाणित गरिने सबै प्रकारका सिफारिस (बैदेशिक प्रयोजनका लागि) | १००० |
| ३ | आम्दानी स्रोत प्रमाणित सिफारिस(पेशगरेको कागजको आधारमा) | ५० लाख सम्म ०.१% प्रतिशत |
| ४ | आम्दानी स्रोत प्रमाणित सिफारिस (मालपोत जग्गा मूल्याङकनको आधारमा | ५० लाख भन्दा माथी थप (०.०७५ प्रतिशत |
| ५ | सम्पती मूल्याङ्कन सिफारिस (मालपोतको जग्गा मूल्याङ्कनको आधारमा) | ०.१ प्रतिशत |
| ६ | नागरिकता सिफारिस | ३०० |
| ७ | नागरिकता प्रतिलिपि सिफारिस | ५०० |
| ८ | अंगिकृत नागरिकता सिफारिस | ५०० |
| ९ | गैर आवसिय नेपाली नागरिकता सिफारिस | २५०० |
| १० | नाता प्रमाणित नेपाली | ५०० |
| ११ | नाता प्रमाणित अंग्रेजी | १००० |
| १२ | नाताकायम/नाता प्रमाणित सिफारिस | २०० |
| १३ | पारिवारिक विवरण सिफारिस | ५०० |
| १४ | बसोबास प्रमाणित सिफारिस | ५०० |
| १५ | नाबालक सिफारिस | १००० |
| १६ | जन्ममिति प्रमाणित सिफारिस | ५०० |

| सि. नं. | विवरण | शुल्क |
|---|---|---|
| १७ | बैबाहिक सम्बन्ध प्रमाणित सिफारिस | ५०० |
| १८ | अविवाहित प्रमाणित सिफारिस | ५०० |
| १९ | व्यक्तिगत विवरण प्रमाणित सिफारिस | ५०० |
| २० | चारित्रिक प्रमाणित सिफारिस | ५०० |
| २१ | सम्बन्ध विच्छेद प्रमाणित सिफारिस | ५०० |
| २२ | खानेपानी,टेलिफोन जडान नामसारी,ठाउँसारी | ५०० |
| २३ | विद्युत मिटर जडान सिफारिस(घरयासी) | १०० |
| २४ | विद्युत मिटर जडान सिफारिस(उद्योग) | १५०० |
| २५ | दुवै नामथर गरेको व्याक्ति एकै हो भन्ने सिफारिस | ५०० |
| २६ | बेपत्ता नागरिकको जग्गा नामसारी सिफारिस | १००० |
| २७ | अपुताली सिफारिस | २००० |
| २८ | मोहि लागत कट्टा सिफारिस | ५०० |
| २९ | घरकायम सिफारिस | १००० |
| ३० | छात्रावृत्ति सिफारिस | १०० |
| ३१ | प्रहरी मुचुल्का प्रमाणित | १०० |
| ३२ | चारकिल्ला सिफारिस | ५०० |
| ३३ | मल सिफारिस | ५०० |
| ३४ | कृषि समुह खारेजी | २०० |
| ३५ | योजना सम्झौता सिफारिस | २०० |
| ३६ | योजना भूक्तानी सिफारिस उपभोक्ता समिति | २०० |
| ३७ | योजना भूक्तानी सिफारिस (निर्माण व्यवसायी) | ५०० |
| ३८ | बैंकखाता बन्द सिफारिस | २०० |
| ३९ | आदिवासी/जनजाती/दलित/अल्पसंख्यक/लो | २०० |

| सि. नं. | विवरण | शुल्क |
|---|---|---|
| | पन्मुख अन्य प्रमाणित सिफारिस | |
| ४० | सामुदायिक/कवुलियती/राष्ट्रिय वन अन्तर्गत रहेका सम्पूर्ण सिफारिस | ५०० |
| ४१ | माथि उल्लेख नभएका अन्य सिफारिस | २०० |
| **व्याक्तिगत घटना दर्ता दस्तुर** | | |
| १ | नयाँ (३५दिनपछि) | २०० |
| २ | प्रतिलिपि | ५०० |
| **घरेलु तथा साना उद्योगको सर्जमिन तथा सिफारिस** | | |
| १ | ठूला उद्योग सिफारिस | ५००० |
| २ | मझौला उद्योग सिफारिस | २५०० |
| ३ | साना उद्योग सिफारिस | १५०० |
| ४ | व्यवसाय बन्द तथा नाम परिवर्तन | २०० |
| ५ | मदिरा व्यवसाय सिफारिस (खुद्रा) | १००० |
| ६ | मदिरा व्यवसाय सिफारिस (थोक) | २००० |
| ७ | संघसस्था सिफारस | १००० |
| ८ | वडा सर्जमिन प्रमाणित | ५०० |
| ९ | प्लटीङ्ग इजाजत प्रतिरोपनी | २००० |
| १० | वनजन्य वस्तुको सिफारिस | १५०० |
| ११ | पर्यटन स्तरिय होटल सिफारिस | २००० |
| १२ | घर पताल सिफारिस | १०० |
| १३ | घर कायम सिफारिस | ५०० |
| १४ | राजिनामा,बकसपत्र सिफारिस | ५०० |
| १५ | अशंवण्डा सिफारिस | ५०० |
| १६ | नाम सच्याई सर्जमिन | ५०० |

| सि. नं. | विवरण | शुल्क |
|---|---|---|
| १७ | घरनक्सा नामसारी | ५०० |
| १८ | उद्योग नामसारी ठूलो | २००० |
| १९ | उद्योग नामसारी मझौला | १५०० |
| २० | उद्योग नामसारी सानो | १००० |
| २१ | चारकिल्ला प्रमाणित बैंक तथा अन्य प्रयोजन | ६०० |
| २२ | नक्सापास किताव | ५०० |
| २३ | जग्गाधनि प्रमाणपत्र प्रतिलिपि सिफारिस | ५०० |
| | **न्यायिक समिति** | |
| १ | उजुरी | १०० |
| २ | प्रतिउत्तर पत्र | १०० |
| ३ | मिलापत्र | ५०० |
| | विविध सिफारिस | |
| १ | जीवित रहेको सिफारिस | ५०० |
| २ | घरजग्गा करको लेखाजोखा सिफारिस | ५०० |
| ३ | निशुल्क आवास शुल्क स्वास्थ्य उपचार/अपाङ्ग/ अल्पसंख्यक सिफारिस | ५०० |
| ४ | आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा अंग्रेजी भाषामा सिफारिस तथा प्रमाणित | ५०० |
| ५ | संरक्षक प्रमाणित | ५०० |
| ६ | संस्थागत संरक्षक सिफारिस | ५०० |
| ७ | हकवाला वा हकदार प्रमाणित | ५०० |
| ८ | जग्गाको हक सम्वन्धि सिफारिस (सार्वजनिक ऐलानि तथा पर्ति जग्गा बाहेक) | ५०० |
| ९ | पालनपोषण सिफारिस | २०० |
| १० | आर्थिक अवस्था कमजोर वा विपन्नता | १०० |

| सि. नं. | विवरण | शुल्क |
|---|---|---|
| | सिफारिस | |
| ११ | आर्थिक अबस्था बलियो वा सम्पन्नता प्रमाणित | १००० |
| १२ | उद्योग ठाउँसारी सिफारिस | १००० |
| १३ | आन्तरिक बसाईसराई सिफारिस | २०० |
| १४ | जग्गाधनी प्रमाणपुर्जा प्रतिलिपि सिफारिस | ५०० |
| १५ | रासायनिक मल बिक्री अनुमतिपत्र सिफारिस | ५००० |
| १६ | बैंक खाता संचालन/बन्द सिफारिस | २०० |
| १७ | नयाँ घट्ट दर्ता सिफारिस | ५०० |
| १८ | विद्युत बाट चल्ने घट्ट दर्ता सिफारिस | १००० |
| १९ | ऋण योजना माग सिफारिस | १००० |
| २० | विनियम संशोधन | ३००० |
| २१ | सहकारी संघसंस्था कार्यक्षेत्र विस्तार अनुमती पत्र | ३००० |
| | पेन्सन सिफारिस | |
| १ | ब्रिटिस/तेस्रोमूलुक | १५०० |
| २ | भारतिय | १००० |
| ३ | नेपाली | ५०० |

| योजना तथा कार्यक्रम सम्झौता सेवा शुल्क(उपभोक्ता तथा फर्म कम्पनी) | | रु/प्रतियोजना |
|---|---|---|
| १ | १ लाखसम्म | १०० |
| २ | १ लाख देखि ५ लाखसम्म | ५०० |
| ३ | ५ लाखदेखि १० लाखसम्म | १००० |
| ४ | १० लाखदेखि २० लाखसम्म | २००० |

| | | |
|---|---|---|
| ५ | २० लाखदेखि ३० लाखसम्म | ३००० |
| ६ | ३० लाखदेखि४० लाखसम्म | ४००० |
| ७ | ४० लाखदेखि ५० लाखसम्म | ५००० |
| ८ | ५० लाख देखि ६० लाखसम्म | ६००० |
| ९ | ६० लाख १ देखि रु १ करोडसम्म | १०००० |
| १० | १ करोड भन्दामाथि | २०००० |
| नक्सा पास,निर्माण,स्वीकृत शुल्क | | |
| **आवसीय** | | **रु./प्रतिवर्गफिट** |
| १ | क वर्गको | १५ |
| २ | ख वर्गको | १० |
| ३ | ग वर्गको (आवसीय र लोडबेरिङ) | ६ |
| ४ | घ वर्गको | ४ |
| **आवसीय तथा व्यापारिक** | | **रु./प्रतिवर्गफिट** |
| १ | क वर्गको | २० |
| २ | ख वर्गको | १५ |
| ३ | ग वर्गको | १० |
| ४ | घ वर्गको | ५ |
| ५ | नक्सा फेरबदल दस्तुर | १००० |
| ६ | मोहोडा परिवर्तन दस्तुर | १००० |
| ७ | तल्ला थप निवेदन दस्तुर | २००० |
| ८ | व्यापारिक भवन | ३० |
| ९ | व्यवसायिक भवन | ३० |
| १० | शैक्षिक भवन | ८ |
| ११ | संस्थागत भवन | १० |
| १३ | निर्माण सम्पन्न वा नामसारी | १००० |

| | | |
|---|---|---|
| | शुल्क(आर.सी.सी) | |
| १४ | निर्माण सम्पन्न वा नामसारी शुल्क (लोडबेरिङ) | ५०० |
| **अभिलेखिकरण दस्तुर** | | |
| **आवसिय घर** | | **रु./प्रतिवर्गफिट** |
| १ | ६०० वर्गफिट सम्मको लागि | ४ |
| २ | ६०० वर्गफिट देखिमाथि १००० वर्गफिट सम्मको लागि | ५ |
| ३ | १००० वर्गफिट देखि माथिसबै | ६ |
| ४ | लोड बियरिङ घरहरुको हकमा | २ |
| | आवसिय तथा व्यापारिक घर | रु./प्रतिवर्गफिट |
| १ | ६०० वर्गफिट सम्मको लागि | ५ |
| २ | ६०० वर्गफिट देखिमाथि १००० वर्गफिट सम्मको लागि | ६ |
| ३ | १००० वर्गफिट देखिमाथि सबै | ७ |
| ४ | लोड बियरिङ घरहरुको हकमा | ३ |
| ५ | **पुनश्चः**अभिलेखिकरण दस्तुरको हकमा गाउँपालिकाले प्रथमपटक अभिलेख गर्ने भनी प्रकाशन गरेको सूचनामा तोकिएको म्यादभित्र घरको अभिलेखिकरण गरेमा जम्मा दस्तुरमा २५ प्रतिशतले छुट दिईनेछ।तर सूचनामा तोकिएको म्याद गुजारी अभिलेखिकरण गरेमा २५ प्रतिशत थप जरिवाना वापत अशुल उपर गरिनेछ। | |

| | | |
|---|---|---|
| ६ | नक्सापास प्रमाणपत्र र निर्माण सम्पन्नताको प्रतिलिपी | ५०० |
| ७ | प्लिन्थ लेबलभन्दा माथि super structure को नक्सापास गरी तोकिएको समयमा निर्माण सम्पन्न नगरेमा विलम्ब शुल्क | २००० वा २५प्रतिशत जुन बढिहुन्छ। |
| ८ | म्याद थप गरेपछि २ वर्षभित्र निर्माण कार्य सम्पन्न नगरिएमा थप विलम्ब शुल्क | थप२५प्रति शत |
| ९ | डिजाइन शुल्क | ५०० |
| १० | चारकिल्ला प्रमाणित | ३००/प्रति कित्ता |
| ११ | अमिनद्वारा स्थलगत नाँपजाँच थप रोपनीमा +३०० थपगरिने | १००० |
| १२ | घरबाटो भए नभएको प्रमाणित गरेको | ५०० |
| १३ | प्राविधिक फिल्ड गई डिपिसी चेकजाँच शुल्क | १००० |
| १४ | नक्सापास आवेदन पुस्तिका | ५०० |
| १५ | छुट जग्गा दर्ता सिफारिस | ५०० |
| १६ | जग्गा नामसारि सिफारिस | २०० |
| १७ | मोही नामसारि सिफारिस | २०० |
| १८ | डिलर लिने सिफारिस | २००० |
| १९ | सबै प्रकारका (माथि उल्लेखित प्रतिलिपी सिफारिस) | २०० |

| अन्य प्रशासनिक सेवा शुल्क | | |
|---|---|---|
| १ | मौजुदा सूची दर्ता शुल्क | १००० |

**लेखा परिक्षक सूचीकृत शुल्क**

| | | | | |
|---|---|---|---|---|
| | क वर्ग | १५००० | ग वर्ग | ८००० |
| | ख वर्ग | १२०० | घ वर्ग | ५००० |

| भारि उपकरण गा.पा.मा सूचीकृत सेवा शुल्क(एक आर्थिक वर्षका लागि) | | | | | |
|---|---|---|---|---|---|
| एक्साभेटर | २०००० | जे.सि.भि | १०००० | रोलर/ग्रडर | १५०० |
| **ढुवानी सेवा सूचीकृत** | | | | | |
| ठूला गाडीहरु | | १५०० | साना गाडीहरु | १००० | |

| क्र.स. | कृषि तथा पशु उपचार सेवा | शुल्क(रु) |
|---|---|---|
| १ | पंक्षि सम्बन्धी सबै उपचारहरु | ५ प्रति गोटा |
| २ | भेडा/बाख्राउपचार | १० प्रति गोटा |
| ३ | गाई/भैंसीउपचार | २० |
| ४ | बंगुर/सुंगुरउपचार | २० |
| ५ | बन्ध्याकरण | ५०प्रति/बोका,२००प्रति/कुकुर,१०० सुंगुर,२०० प्रति राँगो गोरु |
| ६ | गोबर परिक्षण | २० प्रतिनमुना |
| ७ | सिस्ट अपरेसन | २० प्रतिगोटा |

| क्र.स. | कृषि तथा पशु उपचार सेवा | शुल्क(रु) |
|---|---|---|
| ८ | पोस्टमार्टम | ५० प्रति पशु |
| ९ | खोप लगाएको(रेबिज) | १०० प्रति/कुकुर |
| १० | कुकुर उपचार | ५० प्रति/कुकुर |
| ११ | गर्भ परिक्षण/कृतिम गर्भधान सेवा | १०० |
| १२ | माटो जाँच | ५०/प्रति नमुना |

| परिक्षा शुल्क | | |
|---|---|---|
| १ | अधिकृतस्तर | १२०० |
| २ | सहायकस्तर | ६०० |
| ३ | श्रेणिविहिन | ३०० |

**खुला बाहेक थप समावेशीमा**

| अधिकृतस्तर | सहायकस्तर | श्रेणीविहिन |
|---|---|---|
| ४०० | ३०० | १५० |

# अनुसूची-१३

## (ऐनको दफा १३ को उपदफा(१)सँग सम्बन्धित)

## प्राकृतिक स्रोतको उत्खनन्,उपयोग तथा बिक्री शुल्क

| सि.नं. | विवरण | इकाई | दर(रुपैयाँ) |
|---|---|---|---|
| १ | माटो (स्वीकृत खानीक्षेत्र बाहेकमा) | प्रति घनफिट | २५० |
| २ | ढुंगा,चुनढुँगा,खरिढंगा,गिट्टी, ग्राभेल,रोडा,बालुवा (स्वीकृत खानीक्षेत्र बाहेकमा) | प्रति घनफिट | ९ |
| ३ | स्लेट | प्रति वर्गफिट | ९ |
| ४ | काठ | प्रति वर्गफिट | ३ |
| ५ | ढुंगा निकासी (पुरानो घरको) | प्रति वर्गफिट | ४ |

## अनुसूची-१४
## (ऐनको दफा १४सँग सम्वन्धित)
## सम्पति भाडाको दर

कार्यपालिका कार्यालय वा वडा कार्यालय वा सेवा केन्द्रमा उपलब्ध सम्पतिको भाडादर देहायअनुसार हुनेछः

| सि.नं. | सम्पति | इकाई | भाडादर |
|---|---|---|---|
| १ | हलभाडा साउण्ड सिस्टम सहित | प्रतिदिन | १००० |
| २ | हलभाडा साउण्ड सिस्टम बाहेक | प्रतिदिन | ८०० |
| ३ | प्रोजेक्टर | प्रतिदिन | ३०० |

## अनुसूची-१५
## (ऐनको दफा १५ को उपदफा(१)सँग सम्बन्धित)
## सामुदायिक वन उपभोक्ता कार्ययोजना तथा वन पैदवारकर

| सि..नं.: | विवरण | |
|---|---|---|
| १ | सामुदायिक वन उपभोक्ता समितिको वार्षिक कार्ययोजना स्वीकृत | रु ५०० |
| २ | वन पैदवार बिक्री वापत प्राप्त हुने रकम | १० प्रतिशत |

# अनुसूची-१६

## (ऐन को दफा १४ को उपदफा(२)सँग सम्बन्धित)

## जरीवाना शुल्क र व्याज (हर्जना) लाग्नेसम्बन्धी व्यवस्था

**जरीवाना लाग्नेः** तल उल्लेखित कसुर गर्ने व्याक्ति,व्यवसायी वा संस्थालाई देहायको दरमा जरीवाना लाग्नेछः

| सि.नं. | विवरण | वार्षिक करको दर रु |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र तोकिएको स्थानबाहेक अन्यत्र जथाभावी फोहोर गरेमा वा फालेमा र जथाभावी पार्किङ्ग गरेमा | २०० देखि ५००० सम्म |
| २ | नदिको बहाब भित्र मेसिन प्रवेश गरी सामग्री संकलन गरेको अबस्थामा पक्राउ परेमा | मेसिन स्काभेटर/ जेसिभि रु ५० हजार,टिपर ट्रक३० हजार, मिनीट्रक २० हजार,ट्र्याक्टर१० हजार |
| ३ | विना ईजाजत मेसिन प्रयोग गरेमा,तोकिए भन्दा बढी गहिराईमा उत्खनन गरेमा,नदीको बहाब परिबर्तन गरि उत्खनन गरेमा, निषेधित | रु१लाख |

| | | |
|---|---|---|
| | क्षेत्रमा सामग्री उत्खनन तथा संकलन गरेमा | |
| ४ | रातिको समयमा उत्खनन तथा संकलन गरेमा | क्र.स २ मा उल्लेख भएबमोजिमको सजायमा ५०प्रतिसत थप हुनेछ |
| ५ | माथि उल्लेखित कसुरहरु दोहोरिएमा | तोकिएको रकममा ५०प्रतिशत थप हुने |
| ६ | तोकिएको अधिकतम मुल्यभन्दा बढि रकममा विक्रि गरेमा | पहिलो पटकलाई विक्रि मुल्य बराबर दोहोरिएमा दोब्बर हिसाबले हुने रकममा |
| ७ | पानी चुहाउदै नदिजन्य श्रोतको ढुवानि गरेमा, खरिद रसिद निस्सा नलिई उत्खनन संकलन स्थलमा प्रवेश गरेमा,अनुमति क्षमताभन्दा बढि ढुवानि गरेमा | ५ हजार प्रतिपटक, पटकेमा दोब्बर |
| ८ | ठेक्का सर्त उल्लंघन गरेमा | कार्यपालिकाको निर्णयअनुसार |

| | | |
|---|---|---|
| ९ | उत्खनन कार्यको दैनिक तेरिज नराखेमा वा चोरि निकासि संकलन गरेमा वा सडक क्षेत्राधिकार भित्र सञ्चय गरेमा | संकलित मालबस्तु जफत गरि लिलाम गर्ने,प्रयोग भएको साधनलाई सि.नं २ बमोजिम जरिवना गर्ने र जफत गरिएको मालबस्तु लिलाम गरि संलग्न कर्मचारिलाई कारबाहि गर्ने |
| १० | गाउँपालिका क्षेत्रभित्र अवैध रुपमा काठ,दाउरा तथा काठजन्य वस्तु कटान गरी निकासी गरेमा(प्रतिगाडी) | ३०००० " |
| ११ | गाउँपालिकाबाट ईजाजत नलिई भवन निर्माण गरेमा(प्रतिवर्गफिट) | १ " |
| १२ | गाउँपालिकामा दर्ता वा ईजाजत नलिई नयाँ व्यवसाय संचालन गरेमा | ५०० प्रति व्यवसाय |
| १३ | गाउँपालिकाले निषेध गरेका क्रियाकलाप संचालन गरेमा | कार्यपालिकाको निर्णय वमोजिम रु |

| | | |
|---|---|---|
| | | २०० सम्म" |
| १४ | उल्लेखित बाहेक अन्य कसुर गरेमा | अनुगमन समितिको निर्णय बमोजिम हुने |

आज्ञाले

सन्जय बहादुर स्याङतान

प्रमुख प्रशासकीय अधिकृत